# सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा
लुम्बिनी प्रदेशनेपाल ,

**सुनछहरी गाउँपालिकाको १६ औं गाउँसभा बैठकमा मिति २०८१ साल असार ७ गते शुक्रबार**

**गाउँकार्यपालिका सदस्य तथा वडा नं ३ का वडाध्यक्ष श्री उड्बिर घर्ती मगर ज्यूले प्रस्तुत गर्नुभएको**

# आर्थिक बर्ष २०८१/०८२ को बजेट बक्तब्य

**सुनछहरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पोवाङ,रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

गाउँसभाका सभाध्यक्ष महोदय,

१. यस सोह्रौ गाउँसभामा गाउँकार्यपालिकाको प्रवक्ताको हैसियतले आगामी आ.ब. २०८१।८२ को बजेट प्रस्तुत् गर्न उपस्थित भएको छु।

२. आर्थिक बर्ष २०८१/८२ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान जनयुद्ब, जन-आन्दोलन, विभिन्न समयमा भएका क्रान्तिहरु तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिएको योगदानको उच्च प्रशंसा गर्दछु। लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिनुहुने आम सुनछहरी बासी आमा, बुबा, दाजुभाइ ,दिदि, बहिनीहरु सम्पुर्णमा नमन गर्न चाहन्छु।

३. आगामी आ.व.को बजेटलाई आत्मनिर्भर तथा समृद्ब सुनछहरी गाउँपालिका निर्माणको लागि कोषेढुङ्गा सावित हुने बजेटको रूपमा मैले लिएको छु। सुनछहरी गाउँपालिकाको आत्मसाथ गर्दै उत्पादनमुखी कृषि प्रणाली, बञ्चितीकरण रहितको सामाजिक न्याय र समानतामा आधारित समावेशी सुनछहरी, उत्पादन तथा उत्पादकत्व अभिबृद्बि सहितको समृद्ब सुनछहरी निर्माणको जग बसाल्नमा यस बजेटले मद्दत गर्नेमा मैले विश्वास लिएको छु।

४. आगामी दोस्रो पञ्चबर्षीय आवधिक योजना(आ.ब.२०८१/०८२-२०८५/०८६) को " सुनछहरी समृद्धिको आधारः सुशासन, उत्पादनमुखी रोजगारी, पर्यटन र पूर्वाधार" को सोचलाई कार्यन्वयन गर्न लक्षित हुनेछ। उत्पादनमा आत्मनिर्भरता र व्यावसायिकता मार्फत स्वरोजगारी सृजना गर्ने दिशामा बजेट उन्मुख रहेको छ।

५. हाम्रो गाउँपालिकाको आन्तरिक स्रोत, संघ र प्रदेश सरकारबाट जनसंख्याका आधारमा प्राप्त हुने विभिन्न अनुदानका आधारमा गाउँपालिका भित्र रहेका विभिन्न जात जाति, लिङ्ग, भाषा, धर्म, पेशा, बर्ग र क्षेत्रका आम नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न र निर्वाचनको समयमा घोषणापत्रमा गरिएका वाचाहरू पुरा गर्न यथासम्भव प्रयत्न गरी बजेट केन्द्रित गरिएको छ।

६. सीमित स्रोत साधनलाई नागरिकको असिमित आकांक्षा पुरा गर्न आबश्यकता अनुसार प्राथमिकिकरण गरी योजना बनाई कार्यान्वयन गर्ने प्रयास गरेको छु । विनियोजित बजेटको कुशल मितव्ययी रूपमा परिचालन गरी अपेक्षित उपलब्धी हासिल हुनेमा म विश्वस्त छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय,**

अव म चालू आर्थिक बर्ष २०८०।८१ को बजेट कार्यन्वयनको समीक्षा संक्षेपमा प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

७. मुलुकमा बढ्दै गएको आर्थिक संकटका कारण खुम्चिदै गएको अर्थतन्त्रका कारण संघीय राजश्व लक्ष्य अनुसार प्रगति हुन नसकेकोले संघबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको रकम २६% ले कमी हुन आइ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु कार्यन्वयन र भुक्तानीमा समस्या भएको अबस्था छ । गाउँपालिकाको आन्तरिक स्रोत बलियो र पर्याप्त नभएको स्थितिमा चालू आ ब का योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न निकै चुनौतीपूर्ण हुने देखिन्छ ।

८. चालु आ.ब २०८०/८१ मा यस सुनछहरी गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत राजश्व बाँडफाँड रु ८ करोड ६४ लाख ४६ हजार ६ सय, वित्तिय समानीकरण अनुदान रकम रु. ७ करोड ३२ लाख, शसर्त अनुदान चालु रू. १४ करोड ९ लाख, शसर्त अनुदान पुंजिगत रू. २ करोड ५ लाख, बिशेष अनुदान पुंजिगत रू. ७५ लाख, समपुरक अनुदान रू. ५० लाख गरी जम्मा रू . ३३ करोड ३५ लाख ४६ हजार ६ सय रूपैयाँ हस्तारन्तरण भई प्राप्त अनुमान गरिएकोमा हालसम्म प्राप्त भएको रकम २९ करोड ८४ लाख २० हजार ४ सय छैसट्ठी रुपैया ९९ पैसा प्राप्त भएको छ ।

९. चालू आ.ब.मा प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. ४७ लाख ६८ हजार, शसर्त अनुदान चालू रू ११ लाख ५०हजार, सम्पुरक अनुदान पूँजीगत रु १ करोड १० लाख शसर्त अनुदान पूँजीगत रु ७५, राजश्व बाँडफाट रु ३० लाख ८७ हजार ८०२ गरी जम्मा रू. ३ करोड ५ हजार ८०२ रुपैया प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म १ करोड ४४ लाख १ हजार रुपैया प्राप्त भएको छ ।

१०.आ.ब. २०८०/०८१ को राजश्व संकलन लक्ष्य ४० लाख तोकिएकोमा हालसम्म ४२ लाख ६७ हजार २२९ रुपैया ५२ पैसा संकलन भएको छ। हालसम्म लक्ष्यभन्दा २ लाख ६७ हजार २२९ रुपैया ५२ पैसा अर्थात लक्ष्यभन्दा ६.६८ प्रतिशत बढी राजश्व संकलन भएको अबस्था छ।

११.त्यसै गरी गाउँपालिकाको आन्तरिक आयबाट रू. ४० लाख बैंक मौज्दात अल्या रकम रू. ४ करोड १७ लाख ४५ हजार ७ सय ३ रूपैयाँ गरी कुल बजेट रू. ४० करोड ९२ लाख ९८ हजार १०५ रुपैया प्रक्षेपण गरिएकोमा हालसम्म चालू खर्च बिनियोजन रु २८ करोड ३९ लाख ४८ हजार ३ सय ३ रुपैया ७० पैसा मध्ये रु १८ करोड ६५ लाख ३८ हजार ५ सय ७८ रुपैया ५७ पैसा अर्थात ६५.६९% खर्च र पूंजीगत बिनियोजन १२ करोड ५३ लाख ४९ हजार ८ सय २ रुपैया मध्ये ७ करोड ६ लाख १५ हजार १ सय ३३ रुपैया अर्थात ५६.३३% खर्च भई कुल बिनियोजन बजेटमा २५ करोड ७१ लाख ५३ हजार विनियोजित स्वीकृत बजेटको पुंजिगत र चालु गरी ६२.८२% प्रतिशत खर्च भएको छ।

१२.चालू आ ब को गाउँपालिकाको समग्र प्रगति बिबरण र मुख्य मुख्य आर्थिक, सामाजिक एवं पूर्वाधारसंग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको बिबरणहरु अनुसूचीमा समाबेश गरेको छु।

गाउँसभाका सभाध्यक्ष महोदय,

१३.विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई स्थानीय अर्थतन्त्र समेत दवावको स्थितिमा रहेको छ। हाम्रो गाउँपालिकाको दिगो र भरपर्दा आर्थिक स्रोतहरु नभएकोले गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान र राजश्वबाट बजेट बिनियोजन गर्नुपरेको अबस्था छ। हामीसंग प्राप्त हुने स्रोत साधनको समूचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक र नतिजामुखी बनाई विकास र समृद्धिका आकाक्षाहरु पूरा गर्नुपर्ने चुनौती हाम्रो सामू रहेको छ।

१४.सुनछहरी गाउँपालिका भौगलिक रुपमा विकट, आर्थिक तथा सामाजिक रुपमा पछाडि र विकासको दृष्टिकोणले विस्तारै गुणात्मक फड्को लिइरहेको छ। यस स्थितिमा

गाउँपालिकाको सामाजिक न्याय र समानता सहितको विकास ब्यबस्थापन गरी मानव संशाधन विकासमा गुणात्मकता हासिल गर्नु हाम्रो लागि अर्को चुनौतीको रुपमा रहेको छ ।

१५.आगामी आर्थिक बर्ष २०८१/०८२ मा मुलुकको अर्थतन्त्रमा गुणात्मक सुधार आइ गाउँपालिकाको आर्थिक विकासमा समेत थप अवसर सृजना हुने आशा लिएको छु ।

सभाध्यक्ष महोदय,

१६. माथि उल्लिखित चुनौती र अवसरलाई मनन् गर्दै "सुनछहरी समृद्धिको आधारः सुशासन, उत्पादनमुखी रोजगारी, पर्यटन र पूर्वाधार" को सोच र "समृद्ध सुनछहरीः आत्मनिर्भर सुनछहरी" को सपना साकार पार्न आगामी आर्थिक बर्ष २०८१/०८२ का बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच आर्थिक सुधारका रणनितिहरु प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

बजेटका पाँच उद्देश्य देहाय बमोजिम रहेका छन्-

१. उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
२. मानव संशाधनको विकास गर्नु,
३. उपलब्ध स्रोत साधनको मितव्ययी, सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरीबी तथा बेरोजगारी न्यूनीकरण गर्नु,
४. विकासमा अन्तरतह र अन्तरनिकाय समन्वय र सहकार्य मार्फत दिगो एवं गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्नु, र
५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्नु,

बजेटका पाँच प्राथमिकता देहाय बमोजिम तय गरेको छुः-

१. कृषि क्षेत्रको रुपान्तरण र व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन आर्थिक विकास ,

२. शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

३. गुणस्तरीय,दिगो र पर्यावरणमैत्री पूर्वाधार निर्माण,

४. वातावरण संरक्षण र विपद् व्यवस्थापन र

५. सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा सुधार,

अब म आर्थिक सुधारका पाँच रणनिति प्रस्तुत् गर्दछुः-

१. आर्थिक विकासका क्षेत्रहरु कृषि,पशु,लघु उद्यम र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्दै नागरिकको आय तथा रोजगारीमा अभिवृद्धि गर्ने र व्यावसायिक कृषि तथा पशुपालन मार्फत युवाहरुलाई आर्थिक विकासमा परिचालन गर्ने,

२. गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रको विकासका लागि स्रोत र साधनको अधिकतम परिचालन मार्फत मानव संशासन विकास गर्ने,

३. असमानता, विभेद र शोषणमूक्त समावेशी समाज निर्माण गर्न सहभागितामूलक शासन प्रणाली अबलम्बन गर्ने,

४. सन्तुलित र समन्यायिक विकास पद्दति अबलम्बन गर्दै गुणस्तरीय र एकीकृत विकास ब्यबस्थापनलाई प्रभावकारी बनाउने र

५. सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार र सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम् उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने,

गाउँसभाका सभाध्यक्ष महोदय,

बजेटले लिएका उद्देश्य, प्राथमिकता  र रणनीतिहरु  हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु    पेश गर्ने अनुमति चाहन्छुः-

१७. आर्थिक बर्ष २०८१/०८२ को बजेट कार्यन्वयन योजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ । उक्त कार्ययोजना कार्यन्वयनका आधारमा खरीद योजना, ठेक्का ब्यबस्थापन, जनशक्ति ब्यबस्थापन र स्रोत व्यवस्थापनका कार्यहरु गरिनेछन् ।

१८.अन्तरसरकारी वित्त हस्तान्तरणमा तोकिए बमोजिम बित्त हस्तान्तरण गर्नका लागि संघ तथा प्रदेशसंग समन्वय  गरिनेछ भने गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्दति अवलम्बन गरिनेछ ।

१९.स्रोत साधनमा परेको चाप र कम स्रोत साधनमा बढी उपलब्धि हासिल हुने गरी गाउँपालिका र वडाका कार्यक्रमहरु, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम  सार्वजनिक भवन र स्थलमा गरिनेछ । साथै इन्धन एवं कार्यालय सम्बन्धी सामान र प्रशासनिक खर्च मितव्ययी तथा मापदण्डमा आधारित बनाइनेछ ।

२०.अत्यावश्यक बाहेक गाउँपालिकाले सवारी साधन दुइ पाङ्ग्रे वा चार पाङ्ग्रे खरीद गरिनेछैन ।

२१. विषयगत शाखा र वडाहरुले दोस्रो त्रैमासिक अवधिसम्म कूल बजेटको ५० प्रतिशत वा सोभन्दा बढी खर्च गरेमा बजेट रकमान्तर  तथा संशोधन गरिनेछैन ।

२२.बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ ।

गाउँसभाका सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमान विवरण प्रस्तुत्  गर्ने अनुमति चाहन्छु ।

## कृषि तथा पशुपन्छी विकास

२३.परम्परागत कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न कृषि तथा पशु विकासमा आधारित साना किसान साझेदारी विकास परियोजना हेफर नेपाल र गाउँपालिकाको बीचमा साढे २ बर्षको लागि  सम्झौता भए अनुसार आगामी आर्थिक बर्षको लागि रु १ करोड बिनियोजन गरेको छु । यसबाट कृषि तथा पशुमा उत्पादन र उत्पादकत्व बढ्दै ब्यावसायिक कृषि तथा पशु विकास तर्फ उन्मुख हुने विश्वास मैले लिएको छु ।

२४.कृषि क्षेत्रमा व्यावसायिकता प्रवर्द्धनका लागि मकै बाली प्रवर्द्धन रु ७ लाख, फलफूल खेती प्रवर्द्धन २०लाख  र यस आ.ब.मा नयाँ स्याउँ/ओखर पकेट कार्यक्रम विकासमा रु १२ लाख गरी   जम्मा  रु ३९ लाख बिनियोजन गरेको छु ।

२५.प्रदेश सशर्त कार्यक्रमबाट कार्यन्वयन हुने गरी व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रमका लागि रु १५ लाख र बाख्रा प्रवर्द्धन कार्यक्रमको लागि रु १५ लाख बिनियोजन गरेको छु ।

२६.किसान सूचीकरण कार्यक्रम, कृषि, पशुपनछी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रमको लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

२७.कृषि शाखाबाट सम्पादन हुने कार्यक्रमहरु कार्यन्वयन गर्न रु १५ लाख छुट्याएको छु ।

२८.पशुमा लाग्ने विभिन्न संक्रामक रोगहरु खोरेत, भ्यागुते, चरचरे, स्वाइन फिबर, पिपिआर, लम्पिस्किन,रानीखेत लगायतका अन्य रोगहरु नियन्त्रण तथा निवारण गर्नको लागि आबश्यक पर्ने औषधी खरिद गर्नका लागि रु ७ लाख बिनियोजन गरेको छु । साथै  पशु सेवा शाखाबाट कार्यन्वयन हुने कार्यक्रमहरुको लागि रु १५ लाख छुट्याएको छु ।

२९.हेफर नेपाल संस्थाले आर्थिक बर्ष २०८१/०८२ को लागि पेश गरेको बजेट तथा कार्यक्रममध्ये गाउँपालिका तर्फको रु १ करोड मात्र खर्च हुने गरी बजेटमा समावेश गरेको छ ।

**लघु उद्यम र पर्यटन**

३०.लघु उद्यम कार्यक्रम मार्फत युवाहरुमा स्वरोजगार, सीप विकास र व्यावसायिकताको प्रवर्द्धन गर्नको लागि सशर्त अनुदानतर्फ रु १३ लाख र गाउँपालिकाबाट रु १० लाख गरी रु २३ लाख बिनियोजन गरेको छु ।

३१.लघु उद्यम कार्यक्रम मार्फत सीप सिकेका उद्यमीहरुको सीप स्तरोन्नति गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

३२.पर्यटन गुरुयोजना अनुसार बुजुधुरीमा शहीद स्मृति गणतन्त्र पार्क निर्माणका लागि रु ४५ लाख, विवाङ् दह संरक्षण तथा पर्यटकीय पूर्वाधार निर्माणका लागि रु ४५ लाख र सुनछहरी झरना पार्क व्यवस्थापनका लागि रु ४५ लाख गरी पर्यटकीय पूर्वाधार निर्माणमा जम्मा रु १ करोड ३५ लाख बिनियोजन गरेको छु ।

३३.प्रदेश सरकार विशेष अनुदानबाट कार्यन्वयन हुने गरी पिछडिएका अल्पसंख्यक समुदाय र युवाहरुको सीप विकास आयआर्जन र उद्यमशीलता विकास कार्यक्रमका लागि रु १५ लाख बिनियोजन गरेको छु ।

**सहकारी, श्रम तथा रोजगारी**

३४.युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामार्फत गाउँपालिकाले तोकेका योजनाहरु सञ्चालन गर्न रु २६ लाख ७२ हजार र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु कार्यन्वयन गर्न रु २३ लाख ४४ हजार बिनियोजन गरेको छु । यसबाट गाउँपालिकामा

सूचीकृत भएका प्राथमिकीकरणमा छनौट हुने बेरोजगारहरुलाई १०० दिनको रोजगारी सुनिश्चितता हुनेछ ।

३५.आर्थिक बर्ष २०८१/०८२ मा गाउँपालिकाको रोजगार रणनीति तर्जुमा/अद्यावधिक/ कार्यन्वयन तथा आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि रु ३ लाख ५० हजार बिनियोजन गरेको छ ।

३६. श्रम तथा रोजगारी तर्फ सशर्त अनुदान र गाउँपालिकाको गरी जम्मा रु ८२ लाख १३ हजार बिनियोजन गरेको छ ।

३७.सहकारी सम्बन्धी तालिम प्रशिक्षण तथा सहकारी संस्थाहरुको सघन अनुगमन, निरीक्षण तथा मूल्याङ्कनका लागि रु ४ लाख बिनियोजन गरेको छ ।

३८.आर्थिक विकास सबै क्षेत्रका योजना तथा कार्यक्रमको लागि रु ३ करोड ५८ लाख ३४ हजार बिनियोजन गरेको छ ।।

शिक्षा तथा खेलकुद

३९. गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा विद्यार्थी र विद्यालय अनुपातमा तहगत शिक्षकहरुको दरबन्दी कम भई पठनपाठनमा समस्या भएको हुदाँ गाउँपालिकाको करार अनुदानमा कार्यरत शिक्षक र मगर खाम भाषा तथा बालविकास शिक्षकहरुको लागि रु १ करोड ३२ लाख बिनियोजन गरेको छ । यसबाट बिद्यालयहरुमा दरबन्दी अभावलाई कम गर्ने विश्वास लिएको छ ।

४०. गाउँपालिकाको साझेदारीमा विद्यालय भवनहरु निर्माण गर्नको लागि संघीय सरकारो सशर्त पूंजीगत अनुदा रु १ करोड ८० लाख र गाउँपालिकाको साझेदारी रु ४० लाख गरी जम्मा रु २ करोड २० लाख बजेट बिनियोजन गरेको छ । विद्यालय भवन नभएका र जीर्ण अवस्थामा

रहेका  विगत ३ बर्ष यता विद्यालय भवनहरु निर्माण सम्बन्धी योजना नपरेका सामुदायिक विद्यालयहरुमा आवश्यकताको आधारमा विद्यालय भवनहरु निर्माण सम्पन्न गरिनेछ।

४१.विज्ञान प्रयोगशाला, विद्यालयमा पुस्तकालय स्थापना  र अन्य सार्वजनिक सम्पतिहरुको निर्माण तथा मर्मत सम्भारका लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छ।

४२.संघीय सरकारको विशेष अनुदानबाट कार्यन्वयन हुने गरी नेरामावि फगाममा विद्यालय भवन निर्माण क्रमागतका लागि  रु १ करोड २० लाख बजेट बिनियोजन बिनियोजन गरेको छ।

४३.माध्यमिक तह (९-१०) मा  अंग्रेजी, गणित र विज्ञान बिषयमा  अनुदानमा शिक्षक ब्यबस्था गर्नका लागि रु १ करोड ५६ लाख ५  हजार बिनियोजन गरेको छ। यसबाट माध्यमिक तहमा दरबन्दी नभएका सबै माध्यमिक विद्यालयहरुमा अंग्रजी, गणित र विज्ञान विषयका शिक्षकहरु ब्यबस्थापन गर्न सहज हुने विश्वास लिएको छ।

४४. आधारभूत तह (६-८) मा अंग्रेजी, गणित र विज्ञान बिषयमा  अनुदानमा शिक्षक ब्यबस्था गर्नका लागि रु २७ लाख ६९ हजार बिनियोजन गरेको छ।

४५.सार्वजनिक विद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउन लागि रु ३९ लाख २९ हजार  बजेट ब्यबस्था मिलाएको  छ।

४६.कक्षा १-६ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा ब्यबस्थापन गर्न रु ९० लाख २३ हजार बिनियोजन गरेको छ। यसबाट बालबालिकाहरु नियमित विद्यालयमा आउने र पोषण स्वास्थ्यमा सुधार भई सिकाइ अभिवृद्धि हुने विश्वास लिएको छ।

४७. सामुदायिक विद्यालयमा कक्षा १-१० सम्मको  अर्धबार्षिक तथा बार्षिक परीक्षा संचालन तथा ब्यबस्थापन गर्नका लागि रु १७ लाख बिनियोजन गरेको छ।

४८.मगर खामभाषाको स्थानीय पाठ्यक्रम बमोजिम  कक्षा ४-८ को पाठ्यपुस्तक पाठ्यपुस्तक निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरेको छ।

४९.कक्षा १-८ सम्मका छात्राहरु र दलित छात्राछात्रहरुलाई दिदै आएको छात्रवृतिलाई निरन्तरता दिएको छु।

५०.पशु प्राविधिक शिक्षा तर्फ प्रत्येक वडाका २ जना का दरले १४ र विपन्न दलित समुदायबाट २ जना गरी

१६ जना विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउन रु ६ लाख ४० हजार बजेट बिनियोजन गरेको छु।

५१.विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा ब्यबस्थापन गर्न रु १२ लाख १९ हजार बजेट बिनियोजन गरेको छु।

५२.सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत बालिकाहरुलाई लक्षित गर्दै महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याडको ब्यबस्था गर्न आबश्यक बजेट बिनियोजन गरेको छु।

५३.गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु।

५४.सर्वोस नेपाल संस्थाले नेरामावि सुनछहरी-४ स्युरीमा शैक्षिक सामग्री तथा विद्यालयमा अन्य सहायता उपलब्ध गराउनको लागि संस्थाले पेश गरेको रु ७९ लाख ९८ हजार २ दुई सय रुपैयाको कार्यक्रमलाई बजेटमा समावेश गरेको छु।

<u>**स्वास्थ्य तथा सरसफाई**</u>

५५. आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिबृद्दी गर्न उपचारात्मक, प्रबर्द्धनात्मक र निरोधात्मक कार्यक्रमहरु सञ्चालन गर्नको लागि संघीय सशर्त अनुदानबाट कार्यन्वन्यन हुने

गरी आबश्यक बजेट बिनियोजन गरेको छ । स्वास्थ्य सेवाका साथै अन्य सरसफाइका कार्यक्रमहरु संचालन गर्न आबश्यक बजेटको ब्यबस्था मिलाएको छ ।

५६.निशुल्क औषधी वितरणका लागि संघीय सरकारबाट रु ११ लाख ३२ हजार र गाउँपालिकाबाट रु ११ लाख गरी रु २२ लाख ३२ हजार बजेट ब्यबस्था गरेको छ ।

५७. ५ शैयाको अस्पताल निर्माण कार्य भैरहेको र निर्माण सम्पन्न गराउने विषयमा गाउँपालिकाले आबश्यक पहल गरेको छ । आगामी आर्थिक बर्षमा ५ शैया अस्पताल निर्माण सम्पन्न गराउन कार्यप्रगतिको आधारमा संघीय सरकारबाट प्राप्त हुने रु ३ करोड ९० लाख बजेट लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पहल गरिनेछ ।

५८.स्युरी स्वास्थ्य चौकी भवन निर्माण क्रमागत सम्पुरक योजनाका लागि रु १ करोड ५० लाख बजेट बिनियोजन गरेको छ ।

५९.असाध्य रोगबाट पीडित नागरिकहरुलाई उपचार सहायताको लागि रु ६ लाख बिनियोजन गरेको छ ।

६०.किशोरी अबस्थाका बालिकाहरुलाई शारीरिक र मानसिक स्वास्थ्य हेरचाह र सजगताका बारेमा जानकारी हासिल गराउन *किशोरीसंग उपाध्यक्ष कार्यक्रमका* लागि रु ६ लाख बिनियोजन गरेको छ ।

६१.संघीय शसर्त अनुदानबाट कार्यन्वयन हुने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुको लागि रु ७६ लाख १७ हजार बजेट बिनियोजन गरेको छ ।

६२.त्रि गाउँपालिका स्तरीय फार्मेसी सञ्चालनको लागि रु १० लाख अनुदानको ब्यबस्था गरेको छ ।

६३.बालबालिकाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै बहुक्षेत्रीय पोषण अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरु कार्यन्वयन गर्न रु ६ लाख बिनियोजन गरेको छ ।

६४.दिगो यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार  सवलीकरण तथा उत्थानशील स्वास्थ्य सेवा प्रणाली कार्यन्वयन गर्न आइपास नेपाल र गाउँपालिकाबीच भएको बहुबर्षीय सम्झौता अनुरुपको बजेट कार्यन्वयन सम्बन्धित साझेदार संस्थाबाट हुने गरी बजेटमा समावेश गरेको छ ।

**महिला,बालबालिका तथा ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा र संरक्षण**

६५. जातीय भेदभाव उन्मुलन, बालबिवाह न्यूनीकरणका लागि कार्यक्रम, बिपन्न दलित महिलाहरुको सीप विकासका लागि  आबश्यक बजेट बिनियोजन गरेको छ । यसबाट समाजमा  विभेद, शोषण तथा उत्पीडनलाई न्युनीकरण गर्न मद्दत मिल्ने विश्वास मैले लिएको छ ।

६६. महिला, एकल महिला, दलित तथा अति बिपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक शसक्तीकरणका लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

६७.सामाजिक सुरक्षा भत्ता तर्फ संघिय  सरकारबाट प्राप्त हुने रकम रु ९ करोड अनुमान  गरेको छू ।

६८.महिला, बालबालिका र जेष्ठ नागरिक शाखाको लागि रु ८ लाख बिनियोजन गरेको छु ।

**युवा तथा खेलकुद विकास**

६९.युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी, युवाहरुसंग स्थानीय तह र युवाहरुको लागि सचेतनामूलक तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न  रु ३  लाख ५० हजार बिनियोजन गरेको छु ।

७०.युवा तथा खेलकुद कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट ब्यबस्था गरेको छु ।

७१.सामाजिक विकास क्षेत्रमा सबै कार्यक्रमहरु सञ्चालन गर्नको लागि रु १५ करोड १७ लाख ५० हजार बिनियोजन गरेको छु ।

## यातायात तथा पूर्वाधार विकास

७२. लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमबाट गाउँघर क्लिनिक भवन निर्माण, सुनछहरी ७ का लागि रु १० लाख, रिपुकोट प्रावि फगाम फिल्ड निर्माण सुनछहरी -६ का लागि रु १० लाख, नेरामावि स्युरीको फिल्ड निर्माणका लागि रु १० लाख, शाखा आवि फुलीवनको गेट सहित घेराबार सुनछहरी-१ १० लाख, नवचेतना आवि माबाङ घेराबारको लागि रु १० लाख, जनता मावि बाहिरीगामको घेराबारको लागि रु १० लाख, झ्यालीगुङ दलित बस्ती सिडी निर्माणको लागि रु १० लाख र सामुदायिक स्वास्थ्य इकाइ केन्द्र भवन सुनछहरी ७ का लागि रु १५ लाख गरी रु ८५ लाख बजेट बिनियोजन गरेको छु ।

७३. प्रदेश सरकारको समपुरक योजना पखेर- डम्फु-जलजला सडक निर्माणको लागि रु १ करोड ४० लाख बिनियोजन गरेको छु ।

७४.नेपाल रेडक्रस भवन निर्माण क्रमागतको लागि रु ८ लाख , नेपाल मगर संघ भवन निर्माण क्रमागतको लागि ८ लाख, गिच्छे- बासा मोटरबाटो निर्माणका लागि रु ८ लाख, नाङ्गा-साकिना मोटरबाटो निर्माणका लागि रु ८ लाख, क्यानाङ रिपुकोट मोटरबाटो निर्माण योजना रु ८ लाख, राङुङ पहिरो नियन्त्रण योजनका लागि रु ५ लाख र घुस्बाङ सिढी बाटो निर्माण योजनाका लागि रु ५ लाख गरी जम्मा ५० लाख बिनियोजन गरेको छु ।

७५. गाउँपालिकाभित्रका सडकहरुको नियमित मर्मत तथा सम्भार तथा स्तरोन्नति गर्नको लागि रु ६० लाख बिनियोजन गरेको छु ।

७६. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने गरी रु १५ लाख बिनियोजन गरेको छु ।

७७.वडास्तरका पूर्वाधार विकास क्षेत्रका योजनाहरु कार्यन्वयन गर्नको लागि रु ८४ लाख ३५ हजार बजेट बिनियोजन गरेको छु ।

७८.पूर्वाधार क्षेत्रका सबै योजनाहरुको लागि रु ७ करोड ३२ लाख ७५ हजार बजजेट बिनियोजन गरेको छु ।

७९.एक झोलुङ्गे पुल एक संरक्षकको ब्यबस्था गर्न आबश्यक बजेट छुट्याएको छु ।

८०.गाउँपालिकाको संगठन ब्यबस्थापन तथा सर्भेक्षण गरी विद्यमान संगठन संरचनामा सामयिक पुनरावलोकन गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

**बाताबरण, जलबायु परिवर्तन र विपद् ब्यवस्थापन**

८१.विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन का साथै विपद सामग्री खरीद तथा वितरण गर्नका लागि जम्मा रु १८लाख बजेट बिनियोजन गरेको छु ।

८२.गाउँपालिकामा जीविकोपार्जन,खानेपानी योजना, जलवायु परिवर्तन अनुकुलन र सुधारीएको चुलो लगायतका कार्यक्रमहरु आइ एन एफ नेपाल रोल्पा शाखाको बजेटबाट कार्यन्वयन हुने गरी रु ७२ लाख ६ हजार १ सय ४३ रुपैया बजेटमा समावेश गरेको छु ।

८३. बन,वाताबरण र जलवायु अनुकुलनका कार्यक्रमहरु वडास्तरमा सञ्चालन गर्नको लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छु ।

८४.सुशासन र अन्तरसम्बन्धित क्षेत्रका लागि रु १ करोड ३ लाख बजेट बिनियोजन गरेको छु ।

**<u>सार्वजनिक सेवा प्रवाह, सुशासन र संस्थागत विकास</u>**

**८५. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार र सुदृढीकरण गर्न अप्टिकल फाइबर जडान गाउँपालिका र वडास्तरमा गर्नको लागि रु १० लाख बजेट बिनियोजन गरेको छ ।**

**८६.भष्ट्राचार प्रति शुन्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनुरुप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यन्वयनको ब्यबस्था मिलाएको छ ।**

**८७.न्यायिक समितिको परिचालन तथा संचालन गर्नको लागि रु ६ लाख बजेट बिनियोजन गरेको छ ।**

**८८. जनतासंग स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिन जनतासंग रेडियो कार्यक्रमलाई निरन्तरता दिएको छ । यसबाट जनताका माग, गुनासा र पृष्ठपोषण प्राप्त भइ सरकारको कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि हुने विश्वास मैले लिएको छ ।**

**८९.गाउँपालिका विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन,मूल्याङ्कन र अवलोकन तथा निरीक्षण गरी विकासमा गुणस्तरीयता अभिवृद्धि गर्न अनुगमन तथा मूल्याङ्कनका लागि आबश्यक बजेटको ब्यबस्था गरेको छ ।**

**९०.कार्यालय सञ्चालन र प्रशासनिक क्षेत्रका कार्यहरुको लागि रु ९ करोड ९३ लाख २८ हजार बजेट बिनियोजन गरेको छ ।**

***९१. वडास्तरमा चालू र पूँजीगत सेवा र विकासका योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न रु ३३ लाखका दरले सबै वडाहरुलाई गरी कुल रु २ करोड ३१ लाख बिनियोजन गरेको छ ।***

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

१२.गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट हुने व्ययभार तर्फ रु ४० करोड ६३ लाख २६ हजार बिनियोजन गरेको छ ।

१३.आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये बैंक मौज्दात रु ६५ लाख ५० हजार र आन्तरिक राजश्वबाट रु ४५ लाख गरी आन्तरिक श्रोत रु १ करोड १० लाख ५० हजार , संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु ९ करोड १८ लाख , संघबाट प्राप्त हुने समानीकरण अनुदान रु ७ करोड ३६ लाख, लुम्बिनी प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु ३९ लाख ५८ हजार , लुम्बिनी प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु ४५ लाख ४६ हजार, संघबाट प्राप्त हुने शसर्त अनुदान चालू तर्फ रु १४ करोड ८८ लाख ७२ हजार , शशर्त अनुदान पूँजीगत तर्फ रु ३ करोड ३० लाख, समपुरक अनुदान पूंजीगत रु ७५ लाख र बिशेष अनुदान रु १ करोड २० लाख प्राप्त हुने अनुमान गरेको छ । त्यस्तै लुम्बिनी प्रदेशको शसर्त अनुदान चालूतर्फ रु ४५ लाख , शसर्त अनुदान पूँजीगत तर्फ रु ८५ लाख, समपुरक अनुदान पूंजीगत तर्फ रु १ करोड ५५ लाख गरी चालूतर्फ कुल जम्मा २९ करोड ५ लाख २६ हजार अर्थात ७१.५१% र पूंजीगत तर्फ रु ११ करोड ५८ लाख अर्थात २८.४९% परिचालन हुने अनुमान गरेको छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८१/०८२ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

## राजश्व परिचालनको नीति तथा कार्यक्रम

९४.राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना २०८० अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी संकलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छ ।

९५.करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतलाई आत्मसाथ गर्दै करदाता शिक्षा संचालन गर्ने ब्यवस्था मिलाएको छ ।

९६.स्थानीय तहलाई प्राप्त कराधिकारका क्षेत्रहरु सम्पति कर, भूमि  कर, घर बहाल कर, व्यवसाय कर ,जडिबुटी कवाडी कर  र जीवजन्तु कर सवारी साधन कर, विज्ञापन कर. मनोरञ्जन कर. बहाल बिटौरी कर.  सेवा शुल्क ,पर्यटन शुल्क लगायतमा कर असुली गर्ने ब्यबस्था मिलाएको छु ।

९७.भूमि तथा मालपोतमा चालू आर्थिक बर्षको माघ मसान्तसम्म कर तिर्दा ५ प्रतिशतसम्म कर छुट दिने व्यवस्था मिलाएको छु ।

९८.गाउँपालिका र वडास्तरमा संकलन भएको कर मासिक रुपमा सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाएको छु ।

९९.कर संकलन,दायरा विस्तार र कर छुट सम्बन्धी ब्यबस्था कानुन बमोजिम हुने गरी मिलाएको छु । सरकारी खर्चलाई विधिसम्मत र प्रभावकारी बनाई बेरुजु कायम नहुने गरी कार्यसम्पादन गर्न खर्च प्रणालीमा सुधार गर्ने र बेरुजु फछर्यौट कार्यलाई अभियानका रुपमा संचालन गरिने ब्यबस्था मिलाएको छु ।

१००.  पारदर्शी सरकारको अवधारणलाई आत्मसाथ गर्न सरकारका नीति, नियम, कार्यक्रम र सूचना तथा जानकारीहरुलाई सार्वजनिकीकरण गरी प्राप्त पृष्ठपोषणलाई अबलम्बन गरिने व्यवस्था मिलाएको छु ।

१०१.  आगामी आ.ब.मा कुल आन्तरिक राजश्व ४५ लाख संकलन हुने गरी कर संकलन कार्यलाई प्रभावकारी रुपमा लैजाने ब्यबस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

**१०२. आर्थिक वर्ष २०७९/ ०८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/ ०८१ को संशोधित अनुमान र आगामी आर्थिक बर्ष २०८१/०८२ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छु ।**

**१०३. आर्थिक बर्ष २०८१/०८२ को बजेट कार्यन्वयनमा आर्थिक , सामाजिक, पूर्वाधार विकास र समग्र गाउँपालिकाको विकास तथा समृद्विका आकाक्षाहरु पूरा हुने अभिलाषा लिएको छु । साथै सुनछहरी समृद्धिको आधारः सुशासन, उत्पादनमुखी रोजगारी, पर्यटन र पूर्वाधार"को ध्येयले प्रस्तुत गरिएको बजेट कार्यन्वयनमा सम्बद्व सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिएको छु ।**

**१०४. *सुनौलो र सभ्य सुनछहरी, आत्मनिर्भर सुनछहरी"*सपनालाई साकार पार्न बजेटले लिएका उद्देश्य तथा प्राथमिकताहरु कार्यन्वयन भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुने विश्वास लिएको छु । बजेट निर्माणको क्रममा सुझाव तथा सल्लाह प्रदान गर्ने राजनीतिक दल, निवर्तमान जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज, सञ्चार जगत, साझेदार संघ संस्था,बुद्विजीवी र स्वदेश तथा विदेशमा रहनुहुने आम सुनछहरी गाउँपालिकाबासी सबैलाई हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।**

**।।।।।धन्यवाद ।।।।**

**मिति २०८१ साल असार ७ गते शुक्रबार**

**श्री उड्बिर घर्ती मगर**

**गाउँकार्यपालिका सदस्य तथा - वडा नं ३ वडाध्यक्ष**